**आकाशवाणी समाचार- नेपाली**

मितिः २५ दिसम्बर २०२४

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज पूर्व प्रधानमन्त्री अटल बिहारी बाजपेयीको एक सय औं जन्मजयन्तीको अवसरमा मध्य प्रदेशको खजुराहोमा बहुविकास परियोजनाको उद्घाटन तथा शिलान्यास गर्नुहुनेछ I
२. केन्द्रीय सहकारिता मन्त्री अमित शाहले आज नयाँ दिल्लीमा १० हजार भन्दा अधिक नवस्थापित बहुउद्देश्यीय प्राथमिक कृषि सहकारी संस्था, डेरी र मत्स्य सहकारी संस्थाहरू राष्ट्रलाई समर्पित गर्नुहुनेछ।
३. राष्ट्रपति द्रौपदी मुर्मूले पाच राज्यपालहरुको नियुक्ति गर्नुभएको छ।
४. राष्ट्रपति द्रौपदी मुर्मु अनि उपराष्ट्रपति जगदीप धनखडले राष्ट्रलाई क्रिसमसको शुभकामना दिनुभएको छ ।
५. अन्तर्राष्ट्रिय क्रिकेट परिषद ले हिज च्याम्पियन्स ट्रफीको खेल तालिका सार्वजनिक गरेको छ।

**प्रधानमन्त्री -मध्य प्रदेश भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज पूर्व प्रधानमन्त्री अटल बिहारी बाजपेयीको एक सय औं जन्मजयन्तीको अवसरमा मध्य प्रदेशको खजुराहोमा बहुविकास परियोजनाको उद्घाटन तथा शिलान्यास गर्नुहुनेछ I उहाँले राष्ट्रिय परिप्रेक्ष्य योजना अन्तर्गत देशकै पहिलो नदी लाई जोड्ने केन बेतवा नदी राष्ट्रीय संयोजन परियोजना को शिलान्यास गर्नुहुनेछ। यस परियोजनाले मध्य प्रदेश र उत्तर प्रदेशका विभिन्न जिल्लाहरूमा सिंचाई सुविधा प्रदान गर्नेछ र लाखौं कृषक परिवारहरू लाभान्वित हुनेछन्। परियोजनाले यस क्षेत्रका जनतालाई खानेपानीको सुविधा समेत उपलब्ध गराउनेछ । प्रधानमन्त्री श्री मोदीले अटल बिहारी बाजपेयीको १०० औं जन्मजयन्तीको उपलक्ष्यमा स्मारक टिकट र सिक्का पनि जारी गर्नुहुनेछ। उहाँले एक हजार १ सय ५३ अटल ग्राम सुशासन भवनको पनि शिलान्यास गर्नुहुनेछ।

************

**केन्द्रीय सहकारिता मन्त्री अमित शाह**

केन्द्रीय सहकारिता मन्त्री अमित शाहले आज नयाँ दिल्लीमा १० हजार भन्दा अधिक नवस्थापित बहुउद्देश्यीय प्राथमिक कृषि सहकारी संस्था, डेरी र मत्स्य सहकारी संस्थाहरू राष्ट्रलाई समर्पित गर्नुहुनेछ। उहाँले सहकारीको राष्ट्रिय सम्मेलनको क्रममा नवगठित सहकारी संस्थालाई दर्ता प्रमाणपत्र, रुपे किसान क्रेडिट कार्ड र माइक्रो एटिएम समेत वितरण गर्नुहुनेछ । यी वित्तीय उपकरणहरू पंचायतहरूमा ऋण सेवाहरूमा सहज पहुँच प्रदान गर्न र वित्तीय समावेशीकरणलाई बढावा दिन डिजाइन गरिएको छ, जसले ग्रामीण जनसंख्यालाई विभिन्न योजनाहरूबाट लाभ उठाउन र देशको आर्थिक प्रगतिमा भाग लिन सक्षम बनाउँदछ।प्रधान मन्त्री नरेन्द्र मोदीको समृद्धि परिकल्पनालाई साकार पार्न श्री शाहले आगामी पाँच वर्षमा देशका प्रत्येक पंचायतमा एक सहकारी संस्था स्थापना गर्ने लक्ष्य राख्नुभएको छ I

*************

**राष्ट्रपति द्रौपदी मुर्मु -पांच राज्य - राज्यपाल नियुक्ति**

राष्ट्रपति द्रौपदी मुर्मूले पांच राज्यहरुमा राज्यपालहरुको नियुक्ति गर्नुभएको छ । मिजोरमक राज्यपाल डॉ. हरि बाबू कामभंपति अब ओडिशा का नयाँ राज्यपाल हुनुहुनेछ। ओडिशाका राज्यपाल रघुवर दासले राजीनामा दिएपछि काम्भमपतिलाई ओडिसाको राज्यपालमा नियुक्त गरिएको छ। पूर्व केंद्रीय मंत्री जनरल वीके सिंह लाई मिजोरम का राज्यपाल नियुक्त गरिएको छ I बिहारका राज्यपाल राजेन्द्र विश्वनाथ अर्लेकरलाई केरलाको राज्यपालको रूपमा नियुक्त गरिएको छ भने आरिफ मोहम्मद खानलाई बिहारको राज्यपालको रूपमा नियुक्त गरिएको छ। पूर्व गृह सचिव अजय कुमार भल्लालाई मणिपुरको राज्यपाल नियुक्त गरिएको छ



************

**प्रधानमन्त्री नरेन्द्र मोदी-२०४७**

प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०४७ सम्ममा भारतलाई विकसित राष्ट्र बनाउने लक्ष्य हासिल गर्ने दृष्टिकोणमा आधारभूत परिवर्तन गर्नुपर्ने कुरामा जोड दिनुभएको छ। हिज नयाँ दिल्लीस्थित नीति आयोगमा २०२५-२६ को सामान्य बजेटको तयारीका क्रममा प्रमुख अर्थशास्त्री र चिन्तकहरूको समूहसँगको चर्चामा उहाँले यस्तो मन्तव्य पोख्नु भएको हो। यो बैठक बैश्विक अनिश्चितताको समयमा भारतको वृद्धि गतिलाई कायम राख्ने विषयमा आयोजना गरिएको थियो।

************

**केन्द्रीय गृहमन्त्री - आपराधिक कानुन**

केन्द्रीय गृहमन्त्री अमित शाहले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा तीनवटा नयाँ आपराधिक कानून नागरिक अधिकार र सहज न्यायको रक्षकको आधार बन्दै गएको बताउनु भएको छ। उहाँले नयाँ कानुन पीडित र नागरिक केन्द्रित भएको बताउनु भएको छ । उहाँले हिज नयाँ दिल्लीमा उत्तराखण्डमा तीन नयाँ आपराधिक कानूनको कार्यान्वयनको समीक्षा गर्ने बैठकको अध्यक्षता गर्नु भयो ।बैठक पछी उत्तराखण्डका मुख्यमन्त्री श्री पुस्करसिह धामीले उत्तराखण्ड सरकारले ती कानुन कार्यान्वयन गर्न तीव्र गतिमा काम गरिरहेको बताउनु भएको छ। ।

************

**भारतीय राष्ट्रीय राजमार्ग प्राधिकरण -सड़क सुरक्षा**

भारतीय राष्ट्रिय राजमार्ग प्राधिकरण (एन.एच.ए.आई) ले सडक सुरक्षा बढाउन र पशु सँग सम्बन्धित दुर्घटनाबाट बच्न राष्ट्रिय राजमार्गहरूमा पशु आश्रय को निर्माण को लागि पायलट परियोजना शुरू गरेको छ। सडक यातायात तथा राजमार्ग मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'राष्ट्रिय राजमार्गमा छाडिएका गाईबस्तुहरुको उचित हेरचाह र प्रबन्धन गरी यात्रालाई सुरक्षित बनाउनु यसको उद्देश्य रहेको छ ।

************

**रक्षामन्त्री - मुख्य मन्त्री उत्तरप्रदेश**

रक्षामन्त्री राजनाथ सिंह र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले पूर्व प्रधानमन्त्री अटल बिहारी वाजपेयीको जन्मशताब्दी समारोहको एक हिस्साको रूपमा हिज लखनउमा अटल युवा महाकुम्भ र अटल स्वास्थ्य मेलाको उद्घाटन गर्नु भयो। यस अवसरमा रक्षामन्त्रीले अटल बिहारी वाजपेयीको अद्वितीय व्यक्तित्वको उल्लेख गर्नुभयो।

************

**राष्ट्रिय उपभोक्ता दिवस**

राष्ट्रिय उपभोक्ता दिवसको अवसरमा केन्द्रीय उपभोक्ता मामिला मन्त्री प्रल्हाद जोशीले हिज उपभोक्ताहरूलाई सशक्तिकरण गर्ने उद्देश्यले धेरै पहलहरूको शुरूवात गर्नुभयो।

************

**राष्ट्रपति - उपराष्ट्रपति - क्रीसमस**

राष्ट्रपति द्रौपदी मुर्मु अनि उपराष्ट्रपति जगदीप धनखडले राष्ट्रलाई क्रिसमसको शुभकामना दिनुभएको छ । राष्ट्रपति मुर्मु ले येशू ख्रीष्टको प्रेम र सद्भावको सन्देशलाई आफ्नो जीवनमा समावेश गर्न जनतालाई जोड दिनुभएको छ। उपराष्ट्रपति श्री धनखडले क्रिसमसको पर्वले आशा, करुणा र ऐक्यबद्धताको विश्वव्यापी सन्देश दिएको बताउनुभएको छ । उहाँले येशू ख्रीष्टका शिक्षाहरू वर्तमान समयका लागि विशेष सान्दर्भिक रहेको बताउनुभएको छ।

************

**जम्मु कश्मिर**

जम्मू-कश्मीरमा हिज पुन्च जिल्लामा एक वाहन दुर्घटना हुँदा पाँच सैनिकको मृत्यु भएको छ र अन्य पाँच घाइते भएका छन्। घोडाचौकी नजिकै सैनिक बोकेको गाडी चालकले नियन्त्रण गुमाएपछि दुर्घटना भएको बताइएको छ।

************

**अन्तर्राष्ट्रिय क्रिकेट परिषद- खेल तालिका**

अन्तर्राष्ट्रिय क्रिकेट परिषद ले हिज च्याम्पियन्स ट्रफीको खेल तालिका सार्वजनिक गरेको छ। यो प्रतियोगिता पाकिस्तान र संयुक्त अरब इमिरेट्सले संयुक्त रुपमा आयोजना गर्ने भएको छ। सबै खेल दिन र रात खेलाइनेछ। १९ फरवरी बाट शुरु हुने प्रतियोगिताको फाइनल ९ मार्चमा हुनेछ। आठ टोलीको यो प्रतियोगितामा १५ खेल हुनेछन्। भारतीय टोलीका सबै म्याचहरु दुबईमा हुनेछन्। च्याम्पियन्स ट्रफीमा भारत र पाकिस्तानबीचको लिग खेल २३ फरवरीमा दुबईमा हुनेछ।

************

**<u>इसरो स्पेडेक्स मिशन -इसरो</u>**

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले **स्पेडेक्स मिशनका** दुई साना उपग्रहको प्रक्षेपणसँगै अन्तरिक्षमा सफलतापूर्वक अवतरण गर्ने तयारी गरिरहेको छ। श्रीहरिकोटास्थित प्रथम लन्च प्याडबाट ३० दिसम्बर राति ९ बजेर ५८ मिनेटमा प्रक्षेपण हुनेछ। भारतको ध्रुवीय उपग्रह प्रक्षेपण यान पी.एस.एल.भी.-सी ६० ले २२० किलोग्रामका दुई उपग्रहलाई ४७० किलोमिटर गोलाकार कक्षमा प्रक्षेपण गर्नेछ। **प्रक्षेपण यानले** यी दुईबीच सानो सापेक्षिक वेग प्रदान गर्नेछ। यी दुई भू-उपग्रह पछि लगभग १० देखि २० किलोमिटरको दूरीमा एक-अर्काबाट अलग हुनेछन्। भारतीय अन्तरिक्ष अनुसन्धान संगठन अनुसार यो एक प्रभावकारी कम लागतको डकिंग टेक्नोलोजी **प्रौद्योगिकी प्रदर्शक मिशन हो।**

************

**<u>आयुष मंत्रालय राष्ट्रीय आयुष मिशन</u>**

आयुष मन्त्रालयले हिज राष्ट्रिय आयुष मिसन मार्फत 'सबै को लागी आयुष -समग्र स्वास्थ्य सेवा' नामक फिल्म शृङ्खला शुरु गरेको छ। यसले राष्ट्रिय आयुष मिसनमा उल्लेखनीय प्रगति र परिवर्तनकारी परिवर्तनहरू देखाएका छन्। केन्द्रीय आयुष मन्त्री प्रतापराव जाधवले फिल्म श्रृंखला जारी गर्नुभएको हो । आयुष मन्त्रालयको प्रयास अनुरूप यसले सबैलाई समतामूलक, सस्तो र समग्र स्वास्थ्य सेवा प्रदान गर्ने सरकारको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।

************

**<u>अफगानिस्तान -भारतीय वाणिज्य दूतावास हमला</u>**

अफगानिस्तानको जलालाबाद शहरमा रहेको भारतीय वाणिज्य दूतावासका स्थानीय अफगान कर्मचारीहरुमाथि अज्ञात बन्दुकधारीले आक्रमण गर्दा एक जनाको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएका छन्।

************